**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०९ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले १५ सितम्बरमा कोलकातामा संयुक्त कमान्डरहरूको सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

- नयाँ संसद भवनमा उपराष्ट्रपति निर्वाचनको मतगणना सुरु भएको छ।

- विदेश मन्त्रालयले नेपालमा रहेका भारतीय नागरिकहरुलाई सतर्कता अपनाउन र नेपाली प्रशासनले जारी गरेको निर्देशिकाको पालन गर्ने सुझाव दिएको छ।

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी आफ्नो तीन दिवसीय उत्तर बंगाल भ्रमण अन्तर्गत आज सिलगढ़ी अईपुग्नुभएको छ।

- मङ्पू स्थित शरण उद्ध्यान परिसरमा स्वर सम्रागी अरुणा लामाको ८१वा जन्म जयन्ती अनि लोक गायिका हिरा देवी वाईबाको जन्म जयन्ती सम्पन्न।

**प्रधानमंत्री नरेन्द्र मोदी -कोलकाता - संयुक्त कमांडर -सम्मेलन**

प्रधान मन्त्री नरेन्द्र मोदीले १५ सितम्बरमा कोलकातामा संयुक्त कमान्डरहरूको सम्मेलनको उद्घाटन गर्नुहुनेछ। रक्षा मन्त्रालयले तीन दिवशीय सम्मेलनको आयोजना सशस्त्र बलले गर्ने जनाएको छ। यस वर्षको सम्मेलनको विषय 'सुधारहरुको वर्ष – भविष्यका लागि रूपान्तरण' रहेको छ। एक अन्य कार्यक्रममा प्रधान मन्त्री श्री मोदीले १७ सितम्बरमा स्वस्थ नारी सशक्त परिवार अभियानको शुभारम्भ गर्नुहुनेछ। केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले - यस पहलको उद्देश्य देशभरिका महिला र नानीहरूको लागि स्वास्थ्य सेवाहरूलाई सुदृढ पार्नु साथै राम्रो पहुँच, गुणस्तरीय हेरचाह र जागरूकता सुनिश्चित गर्नु रहेको बताउनु भएको छ।

**उपराष्ट्रपति चुनाव**

नयाँ संसद भवनमा उपराष्ट्रपति निर्वाचनको मतगणना सुरु भएको छ।उपराष्ट्रपति चुनाउका लागि मतदान प्रक्रिया आज साझ पाच बजे समाप्त भयो। बिहान १० बजेदेखि शुरु भएको मतदान साँझ ५ बजेसम्म भएको थियो। राष्ट्रीय जनतांत्रिक गठबंधन (एनडीए) का उम्मेदवार तथा महाराष्ट्रका राज्यपाल सीपी . राधाकृष्णन र इन्डीबीच गठबन्धनका उम्मेदवार एव पूर्व न्यायाधीश बी सुदर्शन रेड्डीबीच प्रतिस्पर्धा भएको छ। संसदका दुवै सदनका सदस्यहरूले उपराष्ट्रपतिको चुनाउका लागि मतदान गरेका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले सबैभन्दा पहिले मतदान गर्नुभएको थियो।

**नेपाल -विदेश मन्त्रालय निर्देश**

विदेश मन्त्रालयले नेपालमा रहेका भारतीय नागरिकहरुलाई सतर्कता अपनाउन र नेपाली प्रशासनले जारी गरेको निर्देशिकाको पालन गर्ने सुझाव दिएको छ। मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै नयाँ दिल्लीले नेपालको स्थितिलाई नजिकबाट नियालिरहेको जनाएको छ र मृतकहरुप्रति दुःख व्यक्त गरेको छ। नेपालमा शान्तिपूर्ण बाटो र संवादको माध्यमबाट समस्याहरुको समाधान गर्न पनि मन्त्रालयले आग्रह गरेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी वस्तु तथा  सेवा कर-जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको दिन लाल किल्लाको प्राचीरबाट  दीपावलीसम्म अघिल्लो पीडिको वस्तु तथा सेवा कर (जीएसटी) सुधारको घोषणा गर्नुभएको थियो । अधिक कुशल र नागरिक-मैत्री अर्थव्यवस्था बनाउने  प्रधानमन्त्रीको सपना ३ सितम्बरमा साकार भयो जब जीएसटी परिषदले आम मानिसमा ध्यान केन्द्रित गरी दरहरूको युक्तिसंगत  अनुमोदन गर्यो । परिषद्ले ५ प्रतिशत, १२ प्रतिशत, १८ प्रतिशत र २८ प्रतिशत को चार स्तरीय संरचना बाट सरल बनाएर पाच प्रतिशत र १८ प्रतिशतको दुई स्तरीय संरचनामा परिवर्तन गरिदिएको छ ।  यी सुधारहरूले धेरै क्षेत्रहरूमा जीएसटीको दर घटाएर नागरिकहरूको जीवनलाई सजिलो बनाएको छ। आज हामी सेवा क्षेत्रका लागि जीएसटी सुधारहरूको बारेमा कुरा गर्दैछौं। हाम्रो संवाददाताले बताए अनुसार , जी.एस.टी. सुधारहरू आम मानिसमाथि केन्द्रित भएर गरिएको छ र यो २२ सितम्बरदेखि लागू हुनेछ।

**राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी -उत्तर बंगाल भ्रमण**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी आफ्नो तीन दिवसीय उत्तर बंगाल भ्रमण  अन्तर्गत आज सिलगढ़ी अईपुग्नुभएको छ । बुधवार मुख्यमन्त्री जलपाईगुड़ीको एबीपीसी मैदानमा एक सरकारी कार्यक्रममा भाग लिनुहुनेछ । मुख्यमन्त्रीको यस भ्रमणलाई लिएर जलपाईगुड़ीमा तयारी शुरू गरिएको छ।सुत्र अनुसार ,जलपाईगुड़ीमा मुख्यमन्त्रीले केही परियोजनाहरूको उद्घाटन अनि शिलान्यास गर्नुहुनेछ । बुनियादी ढाँचा  तथा मञ्च निर्माणको काम द्रूत गतिमा भइरहेको छ। शहरका विभिन्न सड़क तथा वरिपरी का क्षेत्रहरूलाई मुख्यमन्त्रीको तस्वीर र सरकारी परियोजनाहरूको फ्लेक्स-फेस्टुन आदिले सजाइएको छ।

**पश्चिम बंगाल-प्रवर्तन निर्देशनालय (ईडी)**

प्रवर्तन निर्देशनालय (ईडी) ले पश्चिम बंगालको पश्चिम बंगालको बसन्तपुरका बासिन्दा सौरभ रायको घरबाट बालुवा तस्करीको मामिलामा ६४ लाख रुपियाँ  नगद उद्धार गरेको छ। नोटका पोका घरका विभिन्न भागमा लुकाएर राखिएको थियो । ईडी सुत्र  अनुसार एजेन्सीको टोलीले हिज  बिहानदेखि राज्यका विभिन्न स्थानमा छापा मार्न थालेको थियो । छापा मार्दा सौरभ राई घरमा थिएनन् । यति ठूलो रकम नगदको स्रोत र उद्देश्यका बारेमा परिवारका सदस्यले चित्तबुझ्दो जवाफ दिन सकेनन् । एजेन्सी सुत्र अनुसार छापाको  क्रममा नगद लगायत कैयौँ आपत्तिजनक कागजपत्रहरु  पनि उद्धार   भएका छन् ।

**तृणमूल छात्र परिषद-पक्राउ**

तृणमूल छात्र परिषदको चंचल कलेज इकाईका पूर्व अध्यक्ष एबी सिंहलाई माल्दा जिल्लाको चञ्चलमा केन्द्रविरोधी प्रदर्शनको  क्रममा कवि रवीन्द्रनाथ टैगोरको पोस्टर जलाएको आरोपमा पक्राउ गरिएको छ। सोयल नामक  नसिमुल हकलाई पुलिसले  सोमबार राति पक्राउ गरेको हो । प्रदर्शनको  क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहको तस्बिर पनि जलाइएको आरोप छ । यस मामिलामा एक स्थानीय बासिन्दाले उजुरी दर्ता गरेका थिए, जसको आधारमा कारबाही गरिएको थियो।

**मुख्यमन्त्री ममता ब्यानर्जी- रायसाहेब ठाकुर पञ्चानन बर्मा पुण्यतिथि**

मुख्यमन्त्री ममता ब्यानर्जीले राजवंशी समाजका प्रख्यात नेता औ समाज सुधारक रायसाहेब ठाकुर पञ्चानन बर्माको पुण्यतिथिमा उहाँलाई  श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । उहाँले भन्नुभएको छ - यी महान आत्मा एकजना व्यक्तिको मात्र नभएर एक विचारधारा थियो जसको प्रभावले अतीतदेखि लिएर भविष्यसम्मै समाजलाई प्रेरित गर्दछ। मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभएको छ -, कुचबिहारमा ठाकुर पञ्चानन बर्मा विश्वविद्यालय स्थापना गरेर उहाको  स्मृतिलाई चिरस्थायी बनाउनु उनको निम्ति गर्वको विषय हो। साथै उनको जन्मस्थल खलिसामारीमा विश्वविद्यालयको दोस्रो परिसर पनि शुरू गरिएको छ। राज्य सरकारले उनको जन्मदिनमा अवकाश घोषणा गरेको छ। यस अतिरिक्त उनको आवासलाई संरक्षित गरी ‘पञ्चानन बर्मा संग्रहशाला एवं अनुसन्धान केन्द्र’ बनाउनको साथै उनको पूर्णाकृति प्रतिमा पनि स्थापना गरिएको छ।

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा- पाँचौं स्थापना दिवस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको पाँचौं स्थापना दिवस आज मङ्पूको खेल मैदानमा सम्पन्न भयो। बर्ष 2021 सालमा अनित थापाको नेतृत्वमा पहाडमा राजनीतिक पार्टीको रुपमा स्थापना भएको भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आज पाँचौं स्थापना दिवस समारोह भव्य रुपमा पालन गरेका थिए। यस अवसरमा पार्टी अध्यक्ष अनित थापाले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको दलीय झण्डा उत्तोलन गरे। श्री थापाले "अबको मुद्दा भारतीय गोर्खा एकीकरण हुने बताउनु भएको छ। उहाँले राजनीति बेग्लाबेग्लै भएपनि जातिको मुद्दामा सिङ्गो गोर्खा हुन पर्ने बताउनु भएको छ।

## गायिका अरुणा लामा अनि हिरादेवी वाईबाको जन्म जयन्ती पालन।

मङपू शरण उद्ध्यान परिसरमा अरुणा लामा सालिग सरक्षण समितिको आयोजनामा स्वर सम्राज्ञी अरुणा लामाको ८१वा जन्म जयन्ती अनि लोक गायिका हिरा देवी वाईबाको जन्म जयन्ती भब्यताको साथ पालन गरियो।गायक राजेन आलेको अध्यक्षतामा सम्पन्न भएको जन्म दिवस समारोहमा प्रमुख अतिथि जीटीएका सल्लाहकार अमर लामा उपस्थित हुनुहुन्थ्यो।कार्यक्रमका सभापति एवं गायक राजेन आलेले मङपूमा गायक कलाकारहरुको संगम स्थल रहेको बताउनुहुदै जीटीएले मङपूमा क्षेत्रबाट पनि कलाकारहरुलाई स्थान दिनेपर्ने माग गर्नुभएको छ।

## भारत नेपाल सिमाना स्थिति सामान्य

नेपालमा देश ब्यापी प्रदर्शन पछी सिमावर्ती पशुपति क्षेत्रमा स्थिति सामान्य रहेको सशस्त्र सीमा बल सुत्रले बताएको छ आज सिमावर्ती पशुपति क्षेत्रमा सामाजिक सञ्जाल प्रतिबन्ध लगायत सरकारी कारबाहीको विरोधमा विरोध प्रदर्शनहरू गरियो। पशुपति फाटक भारत-नेपाल सीमामा स्थिरता सुनिश्चित गर्न एसएसबीले उच्च सुरक्षा उपायहरू कायम राखेको छ। सुरक्षा सुदृढ पार्न नियमित संयुक्त गस्ती र नाकाहरू सञ्चालन गरिएको जानकारी प्राप्त भएको छ।

## नगरकट्टा- पिक अप भ्यान दुर्घटना

नगरकट्टा ब्लकको टीआरए क्षेत्रमा हिज साँझ लगभग 6 बजीतिर होप चिया बगानबाट एउटा पिक अप भ्यान वानरहाट, देवपाडा, अम्बाडी, तोतापाडा र कठलगुडी चिया बगानका श्रमिकहरुलाई लिएर घर फर्किने क्रममा दुर्घटना हुदा ३५ जना श्रमिकहरु घाइते भयेक्ला छन् भएन चार जनाको अवस्था गम्भीर रहेको छ।घाइते श्रमिकहरुलाई प्राथमिक उपचारपछि मालबजार मल्टी सुपर स्पेशलिटी अस्पतालमा रेफर गरिएको छ।

****** ० ******